# नागरिक लगानी कोष

## कोषको वित्तीय अवस्था (अपरिष्कृत)

**२०८० आषाढ मसान्त सम्मको**

रु. हजारमा

### कोषको स्रोत (Sources of Fund)

| विवरण | अपरिष्कृत २०७९।८० आषाढ मसान्त | वास्तविक २०७८।७९ आषाढ मसान्त |
|---|---|---|
| शेयर पुँजी | ५,३१३,७५० | ३,२७०,००० |
| शेयर प्रिमियम | - | १,२६४,८७८ |
| **खुद कोष मौज्दात** | **२२६,५०८,६३६** | **१९८,५३७,१९२** |
| क.ब.वृ. अवकास कोष | १४७,५८६,८४६ | १२८,४१९,६९५ |
| नागरिक एकाङ्क योजना | १,२०६,७३४ | १,१८५,३०१ |
| उपदान कोष योजना | ३४,८१२,५१६ | २९,६८४,२३७ |
| लगानीकर्ता हिसाब | ९,१०३,४९१ | ७,७७२,१३८ |
| राष्ट्रसेवक कर्मचारीको बीमा कोष | ७,५८६,८५५ | ८,९४६,२४६ |
| नार्क बीमा कोष | १३७,९९४ | १२०,५७० |
| नागरिक पेन्सन योजना | १६१,३७० | ८९,३२५ |
| बीमाकोष दायित्व | ३,५४३,३४० | ३,१६४,५१८ |
| जगेडा कोष | २२,३६९,४९० | १९,१५५,१६२ |
| केन्द्रीय हिसाब | २,९१२,३१४ | २,७८३,३५० |
| अन्य कोष र योजना | १९,४५७,१७६ | १६,३७१,८१२ |
| चालु दायित्व तथा व्यवस्था | ३३,७३८,५९० | ३९,००९,७८९ |
| **जम्मा :** | **२६५,५६०,९७६** | **२४२,०८१,८६०** |

रु. हजारमा

### कोषको उपयोग (Applications of Fund)

| विवरण | अपरिष्कृत २०७९।८० आषाढ मसान्त | वास्तविक २०७८।७९ आषाढ मसान्त |
|---|---|---|
| खुद स्थिर सम्पत्ति | २,२८७,४२१ | २,२७१,२१० |
| **लगानी** | **२२१,३२५,६१९** | **२००,३५०,३४५** |
| नेपाल सरकारको ऋणपत्र | ५००,००० | - |
| मुद्दती निक्षेप | ११४,७२७,७२० | १०३,४२९,७४५ |
| समयकालीन कर्जा | २३,२६४,९७१ | २२,०४८,८०० |
| सङ्गठित संस्थाको शेयर/धितोपत्र | २९,४२५,९१२ | २९,६६९,९०० |
| सहायक कम्पनीमा लगानी | २,५५०,००० | २,५५०,००० |
| सहभागी सापटी तथा आवास कर्जा | ५०,५६५,६०९ | ४२,६५१,९०० |
| बैंक मौज्दात | ३,८२१,४९२ | ८४५,५८४ |
| चालू सम्पत्ति | ३८,४१७,८५२ | ३८,६१४,७२१ |
| **जम्मा :** | **२६५,५६०,९७६** | **२४२,०८१,८६०** |

माथि उल्लेखित विवरण अपरिस्कृत भएकोले लेखापरीक्षण पश्चात् परिवर्तन हुनसक्नेछ।

# नागरिक लगानी कोष

## केन्द्रीय हिसाब

**२०७९ श्रावण १ देखि २०८० आषाढ मसान्त सम्मको**

**अपरिष्कृत आय/व्यय हिसाब**

रु. हजारमा

| विवरण | अपरिष्कृत २०७९।८० आषाढ मसान्त | वास्तविक २०७८।७९ आषाढ मसान्त |
|---|---|---|
| ब्याज आम्दानी | ४०४,९८१ | ३५९,९४१ |
| सेवा शुल्क तथा कमिसन आम्दानी | १,३७९,७९० | १,२४८,८३५ |
| अन्य सञ्चालन आम्दानी | २७,४८५ | १९,५५४ |
| **कुल आम्दानी** | **१,८१२,२५६** | **१,६२८,३३०** |
| व्यवस्थापन खर्च | ५१२,३०८ | ५०७,१६९ |
| खर्च व्यवस्था | ८९,५०० | ९५,७७२ |
| **कुल खर्च** | **६०१,८०८** | **६०२,९४१** |
| कर अगाडिको खुद नाफा | १,२१०,४४८ | १,०२५,३८९ |
| आयकर व्यवस्था | ३०२,६१२ | ३६१,४७८ |
| **खुद नाफा** | **९०७,८३६** | **६६३,९११** |

## Particulars

**Financial Ratios & Other Information,**

| Overall | As of Ashad 2080 | As of Ashad 2079 |
|---|---|---|
| Return on Investment (ROI) | **9.40%** | **8.87%** |
| Fund to Investment ratio | **97.93%** | **98.66%** |
| Weighted average cost of fund | **8.49%** | **7.86%** |
| *Central Account* | | |
| Net Worth (Rs. in '000) | **8,226,065** | **7,318,229** |
| Net Worth (Value per share) | **154.81** | **223.80** |
| Earning Per Share (annualized- in Rs.) | **17.08** | **20.30** |

### १. वित्तीय विवरण

त्रैमासिक अवधिको वासलात, नाफानोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ।

### २. व्यवस्थापकीय विश्लेषण

दीर्घकालीन प्रकृतिको कोष सङ्कलन गर्ने भएकोले गर्दा सहभागीहरूको मासिक सङ्कलन रकमबाट दैनिक भुक्तानी दिने कार्य भएको हुँदा तरलता सहज भएको छ। कोषको मुख्य आम्दानीका रूपमा कोष सञ्चालन गरेका योजनाहरूबाट प्राप्त सेवा शुल्क, ब्याज आम्दानी तथा नगद लाभांश रहेको छ। कोषले बन्दमुखी सामूहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ। कोषको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्ने अवस्था रहेको छैन।

### ३. कानूनी कारबाही सम्बन्धी विवरण

(क) नागरिक लगानी कोषले सञ्चालन गरेको विभिन्न अवकास कोषमध्ये उपदान कोष अन्तर्गत विभिन्न सङ्गठित संस्थाको उपदान कोष रकम सम्बन्धित संस्थाका कर्मचारीहरू अवकास हुँदा कोषले उपदान बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को मूल व्यवस्था अनुसार १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिँदै आएकोमा सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एवं उच्च अदालतमा सङ्गठित संस्थाका सेवानिवृत्त कर्मचारीहरूले उपदानमा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने होइन ५ प्रतिशतका दरले कर कट्टि गर्नुपर्दछ भनी कोषको विरुद्ध रिट निवेदन दायर गरेको र कोषले सोको लिखित जवाफ पेस गरी मुद्दा विचाराधीन अवस्थामा रहेको।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनी ठूला करदाता कार्यलयबाट कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएर विचाराधीन अवस्थामा रहेको।

### ४. सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण

(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि.को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ। यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार सङ्ख्या।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार शेयर सङ्ख्या |
|---|---|---|---|---|
| २,७०४।०० | १,९८८।०० | २,०८९।०० | ६२ | १२,८८,११९ |

### ५. समस्या तथा चुनौती

कोषले प्रयोगमा ल्याइरहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याइरहेको सफ्टवेयरसँग एकीकरण हुनेगरी मिल्दो बनाउने, पुरानो हिसाब मिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई उच्च बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन्। त्यसैगरी पुँजी बजार तर्फको कारोबारमा प्रतिस्पर्धा, सरकारको जमानत माग रिएको लगानी असुलीमा समस्या, कोषमा आवद्ध संस्था र सहभागीहरूलाई सामजिक सुरक्षा कोषमा हस्तान्तरण गर्न दबाब गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट सञ्चालन गर्न प्रतिस्पर्धी संस्थालाई प्रोत्साहित गरिनुजस्ता बाह्य चुनौतीहरू रहेका छन्। यी चुनौतीहरू समाधानका लागि कोषले नेपाल सरकार महालेखा नियन्त्रक कार्यालयको सफ्टवेयर सुत्रसँग एकीकरण गर्ने प्रक्रियामा रहेको, NCHL सबै कार्यक्रमहरूमा लागू गर्ने, कोषका सम्पूर्ण सेवाहरूलाई डिजिटाई गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउन छुट्टै महाशाखाको गठन गरी रिकन्सिलियसन स्टेटमेन्ट तयार गर्ने, सहभागीहरूलाई दिने प्रतिफल दरलाई उच्च बनाउन बढी प्रतिफल प्राप्त हुने सुरक्षित लगानी हेरी केन्द्रीत हुने रणनीति कोषले लिएको छ।

### ६. संस्थागत सुशासन

कोषको सञ्चालक समिति शीर्ष निकाय हो। जो शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्न जिम्मेवार निकाय हो। कोषले सञ्चालन गर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणीकरण गर्न सञ्चालकको संयोजकत्वमा ट्रस्टी उपसमितिहरू गठन गरिएको छ। सहभागीहरू प्रति ट्रस्टी उत्तरदायी रहने गरेको छ। आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ। सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उप समिति गठन गरिएको छ। यस सम्बन्धमा सम्पादित कार्यहरूको अर्धवार्षिक प्रतिवेदन समिति समक्ष पेस गर्ने गरिएको छ। कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ। लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि प्रक्रिया र मापदण्डको अधीनमा रही लगानी गरिएको छ। सहभागीहरूलाई कर्जा प्रदानगर्दा कर्जा कार्यविधिको अधीनमा रही गरिएको छ।

### ७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।

\Adv1\Nirmalworks\2080\Shrawan 26\
**CIT_Nagarik Lagani Kosh_Financial Report_Aashadh End_2080**

**Size: 4x35**